मेरो साप्ताहिक

मेरा साप्ताहिक

Mero Saptahik

वर्ष : ५ ● अंक : १६ ● पूर्णांक : २१५ ● वि.सं. २०८० फागुन २२ मंगलवार ● ने.सं. ११४४ सिल्लागाः दशमी ● 2024 March 5 ● पृष्ठ ८ ● मूल्य रू. १०।-

उल्टियो सत्ता गठबन्धन नयाँ तीन मन्त्रीको सपथ ग्रहण

● **मेरो संवाददाता**

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहा प्रचण्डको नेतृत्वमा रहेको सत्ता गठबन्धनको समीकरण उल्टिएसँगै सोमवार नयाँ तीन जना मन्त्रीहरुले सपथ लिएका छन्। नयाँ सत्ता गठबन्धनमा कसले कुन मन्त्रालय पाउने भन्ने सहमति नभइसकेको हुनाले सोमवार राष्ट्रपति कार्यालयमा भएको सपथ ग्रहणमा माओवादी केन्द्रबाट हितबहादुर तामाङ, नेकपा (एमाले) बाट पदम गिरी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट डोलप्रसाद (डिपी) अर्यालले विना विभागीय मन्त्रीको पद तथा गोपनीयताको शपथ लिनु भएको थियो।

बाँकी मन्त्री र जिम्मवारीबारेमा टुङ्गो लगाउन सत्ता गठबन्धनबाट चार सदस्यीय कार्यदल निर्माण गरिएको छ। सो कार्यदलमा नेताहरु एमालेबाट विष्णुप्रसाद पौडेल, माओवादी केन्द्रबाट वर्षमान पुन, रास्वपाबाट रवि लामिछाने र राजपा नेपालबाट उपेन्द्र यादव रहनुभएको छ।

राष्ट्रिय आवश्यकताका लागि नयाँ सत्ता समीकरण तयार भएको भनिएको नयाँ मन्त्रीमण्डलको नेतृत्व प्रधानमन्त्री पुष्पकमल दाहालले नै गर्नुहुने भएको छ। सोमवार बिहानै प्रधानमन्त्री दाहालले मन्त्रीमण्डल बर्खास्त गर्दै राष्ट्रपति रामचन्द्र पौडेलसँग भेट गर्नुभएको थियो।

प्रधानमन्त्री दाहालको नेतृत्वमा २०७९ पुस १० गते मन्त्रिमण्डल गठन भएपछि यो सहित १३ औं पटक मन्त्रिमण्डल परिवर्तन भएको हो।

प्रम प्रचण्ड नेतृत्वको सरकार गठन भएलगत्तै २०७९ पुस ११ गते गठन भएको मन्त्रिपरिषद् माघ ३, १४, २३, फागुन १४ र १६, चैतको १७ गते विस्तार भएको थियो भने २०८० साल वैशाख ३, २१, २४ र जेठ ९ गते फेरबदल भएको मन्त्रिपरिषद्ले जेठ १० गते पूर्णता पाएको थियो। मन्त्रि परिषद्ले पूर्णता पाएको ९ महिनापछि नै सत्ता समीकरणमा परिवर्तन गर्दै नयाँ मन्त्रिमण्डल गठनमा प्रधानमन्त्री प्रचण्ड लाग्नु भएको छ।

नयाँ सत्ता समीकरण बने लगत्तै प्रधानमन्त्री प्रचण्डले नेकपा (एस)का अध्यक्ष माधव कुमार नेपालसँग पनि भेटवार्ता गर्नुभएको छ।

सत्ता गठबन्धनमा परिवर्तन भए पछि सोमवारका लागि बोलाइएको राष्ट्रिय सभा र प्रतिनिधि सभाको बैठक समेत प्रभावित हुन पुगेको थियो। दुवै सदनले अब आगामी बिहीवार मात्र आफ्नो बैठक बस्ने जनाएको छ।

चार दलबीच भएको राजनीतिक सहमति

नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी, नेपालकाबीच जनचाहनाअनुरूप सुशासन, विकास र सामाजिक न्यायका आकाङ्क्षा पूरा गर्न, राष्ट्रिय हित र सरोकारलाई प्राथमिकतामा राखेर सन्तुलित र फराकिलो अन्तर्राष्ट्रिय सम्बन्धको विकास गर्न तथा नेपालको संविधानको मर्म र भावनाअनुरूप सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै समृद्धिको दिशामा प्रभावकारी ढङ्गले अघि बढ्न सहमत भई निम्नअनुसार निष्कर्षमा पुगेका छौं :

१. राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार सरकारको कामलाई थप प्रभावकारी बनाउन तथा मुलुकको सुशासन, विकास, सामाजिक न्याय र समृद्धिका प्रश्नमा समान सोच राख्ने दलहरूका बीचमा सहकार्य आवश्यक रहेको महसुस गरी नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी, नेपालको सहभागितामा नयाँ संयुक्त सरकार गठन गर्ने सरकारको नेतृत्व नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्ने।

२. रिक्त रहेको राष्ट्रिय सभाको अध्यक्षमा नेकपा (माओवादी केन्द्र) का उम्मेद्वार र उपाध्यक्षमा नेकपा (एमाले) का उम्मेद्वारलाई समर्थन गर्ने।

३. सरकारमा सहभागी भएका दलहरूका बीचमा आपसी सहमतिमा मन्त्रालय बाँडफाँट गर्ने। त्यसरी बाँडफाँट गर्दा मन्त्रालयको विशेषताका आधारमा वर्गीकरण गरी मिलाउने नयाँ संयुक्त सरकार गठन प्रक्रियामा सकारात्मक अन्य दलहरूसँग संवाद अघि बढाउने।

४. सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, शान्ति प्रक्रिया र देशमा स्थायी शान्ति कायम गर्नका लागि यससँग सम्बन्धित अन्य विषयहरू सहमतिका आधारमा अविलम्ब टुङ्ग्याउने।

५. सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित बाँकी कानुन निर्माण गरी सबै तहका सरकारलाई प्रभावकारी बनाउने।

६. सरकारको नीति तथा कार्यक्रमलाई मार्गदर्शन गर्ने गरी सरकारमा सहभागी दलहरूका बीचमा साझा न्यूनतम कार्यक्रम तयार गर्ने।

७. यो सहमति कार्यान्वयनका लागि वर्तमान मन्त्रिपरिषद् पुनर्गठन गरी सहमतिअनुसार नयाँ संयुक्त सरकार गठन गर्ने।

८. हामी चार राजनीतिक दल राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुदृढ गर्न तथा समाजवादउन्मुख आर्थिकसामाजिक विकासका लागि राजनीतिक स्थायित्वको दिशामा अघि बढ्न सहमत भएका छौं।

(चार दलले सार्वजनिक गरेको सहमतिपत्र)

बुद्धमाई र चेस्ट अस्पतालको फोहर संकलन पनि रोकियो

● **मेरो संवाददाता**

काठमाडौं/संक्रमित फोहोर निसंक्रमण नगरिएका कारण काठमाडौं महानगरपालिकाले फोहोर संकलनमा रोक लगाएको अस्पतालहरुको संख्या १० पुगेको छ। सोमवार वडा नं. १३ मा रहेको कालीमाटी चेस्ट अस्पताल र वडा नं. १२ को बुद्धमाई अस्पतालको फोहोर संकलनमा रोक लगाएसँगै यस्ता अस्पतालको संख्या १० पुगेको हो। यस अघि महाराजगञ्ज – बसुन्धरा – सामाखुशी क्षेत्रमा सञ्चालित चिरायु, विपी स्मृति अस्पताल, कान्तिपुर डेन्टल अस्पताल, चावहिलको ओम र दीर्घायु गुरु अस्पताल, कलंकीको सहिद मेमोरियल र नेपाल नेशनल अस्पताल, महाराजगञ्जको कान्ति बाल अस्पतालको फोहोर संकलन रोकिएको छ।

स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापनमा अहिलेसम्म देखिएको अवस्थाका विषयमा प्रतिक्रिया दिँदै महानगरपालिकाकी उपप्रमुख एवं अनुगमन समितिकी संयोजक सुनिता डंगोलले भन्नुभयो, 'अस्पतालहरुको फोहोर संकलनमा रोक लगाउन नपरोस्, भन्ने हाम्रो चाहना हो। एक ठाउँको गल्तीले वातावरण र मानव स्वास्थ्यका क्षेत्रमा गम्भीर संकट आउन सक्ने जोखिमलाई मध्यनजर गर्दै त्रुटि देखिएका अस्पतालहरुको फोहोर संकलनमा रोक लगाएका छौं।'

सोमवार सोल्टी मोडको स्पार्क हेल्थ होम अस्पताल, कालीमाटीको कालीमाटी चेस्ट अस्पताल र टेकुको बुद्धबारी अस्पतालको अनुगमन गरिएको थियो। यी अस्पतालहरु क्रमशः २४, २५ र १५ वेडका अस्पताल हुन्।

हेल्थहोमफिजियोथेरापीसेवामा केन्द्रीत भएकोले कम हानीकारक फोहोर उत्पादन हुने देखियो। यस अस्पतालबाट उत्पादन हुने डाइपर व्यवस्थापन गर्न, फोहोरको मात्रा अभिलेखन गर्न, अक्युप्रेसरका लागि प्रयोग भएका सुइहरुको निर्मलीकरण गर्न निर्देशन दिइएको वातावरण निरीक्षक सृष्टि श्रेष्ठले जानकारी दिनुभयो।

२४ वडाको भवन शिलान्यास



● **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं मनपा २४ वडाको नयाँ भवन निर्माणका लागि यही फागुन १७ गते बिहिवार शिलान्यास गरिएको छ।

कामपा २४ वडा अध्यक्ष विनोदकुमार राजभण्डारीले जग शिलान्यास पूजा गर्नुभएको यो भवन साढे ३ आना जग्गामा अत्यानुधिक सुविधाका साथ साढे ३ तल्ला निर्माण हुने जानकारी प्राप्त भएको छ। सो भवनको लागत भ्याट बाहेक ३ करोड ३३ लाख २१ हजार ५ सय १९ रुपैयाँ लाग्ने जनाइएको छ।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

अन्तर्राष्ट्रिय नारी दिवस श्रमिक आन्दोलनबाट सुरु भएको इतिहास छ जुन पछि संयुक्त राष्ट्र सङ्घले मान्यता दियो। सन् १९०८ मा न्यू योर्क सिटीमा १५ हजार महिलाहरूले आफुले काम गरेको पुरष सरह तलब पाउने र आफूलाई मतदानको अधिकार प्राप्त होस् भनेर गरेको प्रदर्शन पछि शुरु भएको हो। यो दिनलाई अन्तर्राष्ट्रिय बनाउने विचार चाहिँ क्लारा जेटकिन नामकी कम्युनिस्ट अभियानकर्मी र महिला अधिकारवादी महिलाको रहेको छ। यो दिवस पहिलो पटक सन् १९११ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्वीट्जरल्यान्डमा मनाइएको थियो भने सन् १९७५ मा संयुक्त राष्ट्र सङ्घले त्यसलाई मनाउन सुरु गरेपछि नारी दिवस औपचारिक रूपमा अन्तर्राष्ट्रिय बन्न पुगेको थियो।

नारी दिवसको उपलव्धी सँगै नारीहरुले पनि आफ्नो पहिचान राष्ट्रको विशेष ओहदा प्राप्ति गरि देखाएको छ। श्रीलङ्कामा श्रीमती सिरिमाओ बन्दरानाइके, भारतमा श्रीमती इन्दिरा गान्धी, बेलायतमा श्रीमती मार्गरेट थ्याचर, पाकिस्तानमा श्रीमती बेनजिर भुट्टो आदिले प्रधानमन्त्री बनेर देशको बागडोर सम्हाल्न पुगेको छ।

नेपालको सन्दर्भमा यो दिवस वि.स २०१६ सालमा प्रधानमन्त्री बि.पी कोइरालाको पालादेखि मनाउन शुरु गरेको पाइन्छ। नेपालमा प्रधानमन्त्री बिपी कोइरालाको प्रधानमन्त्रित्वकालमा द्वारिकादेवी ठकुरानी पनि मन्त्रिमण्डलमा समावेश भएर महिलाको सहभागिता जनाएको थियो। नेपालको इतिहास मै पहिलो पटक संविधान सभाबाट जारी भएको नेपालको संविधान २०७२ ले केन्द्रदेखि स्थानीय तहसम्मको संघीय संरचनामा प्रमुख वा उपप्रमुख मध्ये एक महिला हुनुपर्ने व्यवस्थाले राज्यका सबै निकायमा महिलाको पहुँच स्थापित गरेको छ। त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक संरक्षित गरी सो हक हनन भएको खण्डमा संवैधानिक उपचारको व्यवस्थासमेत गरेको छ। महिलालाई व्यवहारगतरूपमा हुने हिंसालाई नियन्त्रण गर्नमुलुकी फौजदारी अपराध संहिता २०७४ मा महिला विरुद्धका कसुरलाई जघन्य कसूरको रूपमा स्थापित गरेको छ।

यी सबै व्यवस्था भएता पनि नेपाली समाजमा महिलाको अवस्था भने अझै सुधार हुन सकेको छैन। कानूनी र संवैधानिक रुपमा नै प्रदत्त अधिकारको प्रयोगका लागि महिला नै जागरुक भएर अगाडि बढ्न आवश्यक छ।

श्रेष्ठ कर्म

✍ कृष्णहरि देवकोटा

हाम्रो जीवनलाई हामीले कस्तो बनाउने भन्ने कुरा लौकिक या अलौकिक कुनै शक्तिमा भर पर्दैन। जन्मेको छैटौं दिनमा भावी आएर हाम्रो भाग्यको रेखा कोरिदिन्छ भन्ने विश्वासले छैटीको दिनमा भाविलाई खुशी पार्न विशेष कार्यक्रम पनि राख्ने चलन छ। भावीलाई खुशी पार्न सरसफाई, पूजा, धुपदीप आदि गर्ने र जाग्राम बस्ने चलन पनि थियो। यो गर्नुको कारण भावीले बच्चाको भाग्य नराम्रो नलेखिदियोस् भनेर नै हो। बच्चा जन्मेपछि बाआमाले रातभर बत्ती बालेर भावीको स्वागत गर्न रातभर बसिरहने गरेका पनि पाइन्छ। यदि धुमधाम तरिकाले छैटी मनाउनाले बच्चाको भविष्य राम्रो हुने भए सबै बाआमाहरुले अझै धुमधामले छैटी मनाउने थिए होलान् तर त्यस्तो हुनै सक्दैन।

बाआमाले धुमधामले छैटी मनाएको भरमा बच्चा राम्रो भाग्यवान बन्ने भएको भए सबैको राम्रै हुनु पर्ने थियो तर हरेकको भाग्य फरकफरक हुन्छ। त्यो हुनुको कारण उस्ले विगतका जन्महरुमा गरेका कर्महरुको परिणती नै हो। भावीले छैटीमा लेखेर भाग्य बन्ने भन्दा पनि ऊ के हुने र के नहुने भन्ने कुरा प्राय सबै उस्ले जन्म लिँदैमा निर्धारित भएर आएको हुन्छ। यो कुरा मानिस आफैँलाई पनि थाहा हुँदैन। मानिसले जस्तो कर्म गर्छ त्यस्तै प्रालब्ध प्राप्त गर्दछ। कर्मभोगको गुह्य रहस्यलाई हामी सामान्य मानिसले जान्न नसके पनि यो सबैको प्राय पूर्व निर्धारित नै हुन्छ।

हामीले भाग्य निर्माणको लागि के गर्ने भन्ने कुरा वर्तमानमा नै निर्धारण गर्न सक्नु पर्दछ। आफू कस्तो बन्ने भनेर अहिले नै धारणा बनाउनु पर्दछ। हामीले श्रेष्ठ भाग्य बनाउन चाहने हो भने कर्म श्रेष्ठ गर्नु पर्दछ। बच्चा हुँदा बुद्धि नपस्दा ज्ञान, शिक्षा र अनुभव नहुँदा त कसै न कसैले संरक्षण गरिदिन्छ, खुवाई पिलाई गरिदिन्छ, पालनपोषण गरेर हुर्काई दिन्छ। समय अनुसार उसले शिक्षा, ज्ञान र अनुभव बटुल्दै जान्छ। शारिरिक र मानसिक रुपले मजवुत हुँदै जान्छ अनि उसले राम्रा र श्रेष्ठ कर्म के हुन् भन्ने पनि बुझ्दछ। जतिवेला उसमा विवेकको राम्रो विकास भै सकेको हुन्छ त्यतिवेला उसले गम्भीर भएर बुझ्नुपर्दछ कि के ठीक के बेठीक, के राम्रो के नराम्रो, के राम्रो कर्म, के गलत कर्म त्यो ठम्याउन कोशिष गर्नु पर्दछ। कर्म, अकर्म, विकर्मको भेदलाई पनि जान्न सक्नु पर्दछ। आफूलाई चिन्नु पर्दछ र संसारलाई पनि जान्न कोशिष गर्नुपर्दछ। दायित्व, जिम्मेवारी र कर्तव्यको बोध हुनुपर्दछ। यो सबै कुराको मनन गरेर जब उस्ले सत्कर्मको पालना गर्दछ तब उसले जीवनलाई पनि सुन्दर बनाउँछ र उस्को आफ्नो भविष्य पनि सुनौलो हुन्छ। मानिसले गर्ने श्रेष्ठ कर्मले यो जीवनको लागि पनि र भविष्यमा प्राप्त जीवनको लागि पनि श्रेष्ठ भाग्य निर्माण हुन्छ। अरुले गरेको कर्मबाट प्राप्ति अरुलाई नै हुन्छ र आफूले गरेको कर्मबाट आफैलाई हुन्छ। यो सबैले जान्नु जरुरी छ।

मानव जीवन चेतन तत्व (आत्मा) र भौतिक तत्वहरुबाट निर्मित शरीरको सहयोगबाट युगौंदेखि चलिआएको एक सुन्दर महत्वपूर्ण प्रकृया हो। मानव जीवन अन्य प्राणीहरुको जीवन भन्दा सुन्दर र उत्कृष्ट हुनु पर्ने हो। किनकि उसमा अन्य प्राणीको भन्दा राम्रो विवेक हुन्छ। तर समय र सामाजिक वातावरणको प्रभावमा आउँदा उसमा भएका गुणहरुमा ह्रास आउँदै जान्छन् र अन्य जीवहरुको सरह नै उसको जीवन पनि सामान्य हुँदै जान्छ। अहिलेका मानिसहरुले खाना जुटाउनु, खानु, लाउनु, आराम गर्नु (सुत्नु), सन्तान उत्पादन र सन्तानको देखभाल गर्नु आदिलाई नै कर्म या कार्य ठानिरहेका हुन्छन्। खाने, आराम गर्ने, सन्तान पैदा गर्ने र सन्तानको देखभाल गर्ने काम त पशुपंछीले पनि गरेका छन्। यी सबै काम त सामान्य काम हुन्। मानिसले त त्यो भन्दा माथि उठेर कर्म गर्न सिक्नु पर्दछ। ज्ञान आर्जन गर्नु, आफ्नो बारेमा जान्नु, संसारलाई जान्नु, युग र कल्पको बारेमा जान्नु, अरुलाई सिकाउनु, आफूमा भएका कमी कमजोरीको अन्त्य गर्नु, सबैमा करुणा राख्नु, दया गर्नु, सबैको कल्याण गर्नु, समाज परिवर्तनको कार्यमा जुट्नु नै श्रेष्ठ कर्महरु हुन्।

कर्म के गर्ने भन्ने कुरा वातावरणले र परस्थितिले मात्र बनाईदिने हैन। प्रयास आफैले गर्ने हो। अरुले दिने भनेको सामान्य सहयोग मात्र हो, सल्लाह र सामान्य प्रेरणा मात्र हो। धन, पैसा आदिले मात्र पनि हैन। गुरु तथा शिक्षक र अविभावकहरुको सहयोगले मात्र पनि सम्भव हुँदैन। गर्ने त हामीले नै हो। बरु ध्यान साधना, त्याग र चिन्तनले हामीलाई सहयोग गर्दछ। हामी सबैमा संकल्प शक्ति छ अथवा विचार विवेकको शक्ति छ, पारख गर्ने र निर्णय गर्ने शक्ति छ, यसको भरपूर उपयोग गर्ने हो भने त्यो सम्भव छ।

असल, सकारात्मक र श्रेष्ठ संकल्प शक्ति नै हामीलाई माथि उठाउने शक्ति हो। जसरी एक बालक जो सुरुमा रेलको प्लेटफर्ममा चिया बेच्दथ्यो उही बालक नरेन्द्र मोदी, भारत जस्तो विशाल देशको प्रधानमन्त्री बन्न पुग्यो। ऊभित्रको संकल्प शक्तिले गर्दा। त्यस्तै एक रिसाहा, उद्दण्ड, मुर्ख, कामुक भनेर कहलाएको एक युवक आध्यात्मिक ज्ञान, अध्ययन, चिन्तन, ध्यान, साधनाका बलले भारतका आदिकवि कालीदास बन्न पुगे। अमेरिकाका निक नामका एक बालक जो हातखुट्टा नभएका अपांग थिए उच्च मनोवल र निरन्तरको अभ्यास तथा साधनाले उनलाई कम्प्युटर चलाउन, पौडी खेल्न, गाडी चलाउन आदि कार्य गर्न अरु सरह प्रतिस्पर्धा गर्न सक्ने बनायो। त्यस्तै एक सामान्य परिवारमा जन्मेको बालक लखिराज, गहुँको व्यापार गर्ने सामान्य अवस्थाबाट उठेर हिराको ख्यातिप्राप्त, आदर्श व्यापारी बन्न पुग्यो। आफ्नो कर्मनिष्ठा, मानव प्रतिको उदारवादी संकल्पले गर्दा। साथै इश्वरीय शक्तिद्वारा नै सबैको कल्याण हुने रहेछ भन्ने पूर्ण निश्चय र विश्वासका साथ आफ्नो चलअचल सबै सम्पत्ति इश्वरीय ट्रष्टमा दान गरेर आफू परमात्मा चिन्तन गर्दै आध्यात्मिक ज्ञान, ध्यान र राजयोगको साधनाबाट सबैलाई शान्तिको मार्ग बताउने र अहिंसा र श्रेष्ठ कर्म गर्न सिकाउने आदर्श पुरुष बने र विश्व परिवर्तनका लागि शान्तिदूत बन्न सफल भए। जो अहिले ब्रह्म भनेर संसारमै परिचित बने। ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालयको नामबाट चर्चित छ। उक्त संस्था अहिले १४७ देशहरुमा विस्तारित भएर विश्वभर शान्ति स्थापनाको लागि अग्रणी भूमिका निर्वाह गरिरहेको छ।

यस्ता धेरै उदाहरणहरु छन्। हामीले पनि हामीमा भएको संकल्प शक्तिलाई सकारात्मक दिशा दिन सक्यौं भने हामीबाट हुने कर्महरु श्रेष्ठ बन्नेछन्। त्यही श्रेष्ठ कर्मले हामीलाई वर्तमान समयमा पनि भविष्यमा अथवा जन्मजन्मको लागि पनि श्रेष्ठ भाग्यशाली बनाउने छ। भाग्यशाली आत्माहरु नै यस युगका महात्माहरु तथा पुरुषोत्तम कहलाउँछन्। सत्कर्म र श्रेष्ठ कर्मले यो जन्ममा त भाग्य चम्काई दिन्छ नै साथै आउने युग र जन्ममा पनि महान आत्मा देवात्माको रुपमा कहलाउँछन्। अब आउने युग जस्लाई हामी सत्ययुग भन्दछौं। त्यो शान्ति, आनन्द र सुखको युगमा जन्म लिने र सुख भोग गर्ने देवता, विश्व महाराजा र महारानी हुने अवसर मिल्दछ। त्यसको लागि अहिलेबाट नै हामीले हामीमा भएका दुर्गणहरु, कुसंस्कारहरु र मनोविकारहरुलाई त्यगी दिव्य गुणहरुको धारणा गर्दै पवित्रता अपनाउँदै जाने गर्नु पर्दछ। त्यसको लागि कुनै एक विद्यालयको पढाईले मात्र पुग्दैन, गुरुले दिएको ज्ञानले मात्र पनि नपुग्ने रहेछ। ईश्वरीय विश्वविद्यालय तथा त्यसका सेवा केन्द्रहरुमा भएका आध्यात्मिक गुरुहरुबाट नै ज्ञान लिने र आफुलाई सोही अनुसार परिवर्तन गर्ने गर्नु पर्दछ। गीतामा भने जस्तै जवजव धर्ममा ग्लानी आउँछ तव नै भगवान अवतरित भएर आउनु हुन्छ र सनातनी देवीदेवता धर्मको स्थापना गर्न ज्ञान दिनु हुन्छ। उक्त ज्ञान प्राप्त गर्ने र धारण गर्ने नै देवीदेवता सरह पवित्र र महान बन्दछन्। अनि यो भस्मासुरहरुको युग तथा पुरानो जीर्ण अवस्थामा पुगेको कलियुग तथा काँडाको जंगलको अन्त्य हुन्छ र सुखमय संसारको स्थापना हुन्छ। युगहरु चार वटा हुन्छन् सत्य, त्रेता, द्वापर र कलि। कुन युगमा जन्म लिने, सुख भोग्ने कि दुःख भोग्ने भन्ने कुरा हामीले अहिले गर्ने कर्ममा नै भर पर्दछ। श्रेष्ठ कर्म गर्नेको भाग्य पनि श्रेष्ठ हुन्छ कुकर्म गर्नेहरुको सोही अनुसारको दुर्भाग्य निर्माण हुन्छ। त्यसैले श्रेष्ठ भाग्यको लागि सत्कर्ममा नै अगाडि बढौं।

बाजेदेखि नातिले खिचेका फोटोहरु प्रर्दशनीमा



• **मेरो संवाददाता**

काठमाडौं/भक्तपुरका दरबार परिसरमा बाजेदेखि नातिसम्मले खिचेका ऐतिहासिक फोटो प्रदर्शनी सम्पन्न भएको छ।

गत शुक्रवार नेपाल मजदुर किसान पार्टीका केन्द्रिय अध्यक्ष्य नारायण मान बिजुक्छेले उद्घाटन गर्नुभएको सो प्रदर्शनी शनिबार सम्पन्न भएको हो।

उक्त प्रदर्शनीमा भक्तपुरको सल्लाँ गणेशस्थित दत्तात्रीय फोटो स्टुडियोका संस्थापक फोटोग्राफर स्व. बद्री प्रसाद बनेपालीले करिव ८० बर्ष अघि खिचेकादेखि उहाँका छोरा र नातिहरुले हाल खिचेका फोटोहरु राखिएका थिए।

भक्तपुरको लायकुको लाँचा फल्चामा कूल ६८ वटा फोटोहरु प्रदर्शनीमा राखिएका थिए। स्व. बद्री प्रसाद बनेपालीका छोरा फोटोग्राफर तथा पत्रकार केदार प्रसाद बनेपालीको ६८ बर्ष पुगेको उपलक्ष्यमा ६८ वटा फोटोहरु प्रदर्शनीमा राखिएको थियो।

प्रदर्शनीमा दरवार क्षेत्रको शिलु महादेव (फसिदेग) र खरिपाटी ब्यारेक निरको यातु महादेव मन्दिरको तिन फरक स्वरुपमा फोटो लगायत तिन पुस्ताले खिचेका बिभिन्न सम्पदा र जात्रा पर्वका सम्पूर्ण फोटोहरु ब्लायूक एण्ड ह्वाईटमा राखिएको थियो। दुई दिन भएको फोटो प्रदर्शनी हजारौं दर्शकहरुले अवलोकन गरेका थिए।

तीर्थ माली र रञ्जना लिपिमा बोर्ड राखेकाहरु सम्मानित

• **मेरो संवाददाता**

काठमाडौं/नेवाः देय् दबू कीर्तिपुर नगर समितिको दोश्रो वार्षिक साधारणसभामा नेवाः राष्ट्रिय गानका साथमा सयौं नेपालभाषाका गीतमा संगीत दिनु भएका वरिष्ठ संगीतकार तीर्थ मालीलाई विशेष सम्मान गरिएको छ।

सोही कार्यक्रममा कीर्तिपुर नगर क्षेत्रभित्र रहेका रञ्जना लिपि प्रयोग गरी साइनबोर्ड राखिएका सरकारी कार्यालय, संघसंस्था, पसल, विद्यालय, कलेज र रञ्जना लिपि प्रयोग गरी घरको नाम राख्ने, रञ्जना लिपि प्रयोग गरी पत्रिका संचालन गर्ने र सार्वजनिक सवारी साधनमा रञ्जना लिपि प्रयोग गर्ने ८० संस्था र व्यक्तिहरुलाई सम्मान गरिएको थियो।

कीर्तिपुर नगर समितिका अध्यक्ष बुद्धिलाल ज्यापुको अध्यक्षतामा नेवाः देय् दबू स्वनिगः विशेष प्रदेशका अध्यक्ष श्रीकृष्ण महर्जनको प्रमुख आतिथ्यतामा भएको कार्यक्रम कीर्तिपुरको भाजंगालको भैरव मन्दिरलाई कालु पाण्डे स्तूप भनी गलत प्रचार गरिएको कुराको खण्डन गर्न त्यहाँबाट नेवाः भ्रुण्डा फहराई च्यालीको आयोजना गरी भाजंगालको दिप रहेको विष्णुदेवी मन्दिर परिसरमा पुगेर समारोह आयोजना गरिएको थियो।

भाजंगालको उक्त दिप रहेको क्षेत्रमा सांस्कृतिक भूमि संरक्षणका लागि नेवाः समुदाय आन्दोलित भइरहेको अवस्थामा एक्यबद्धता जनाउन सोही ठाउँमा कार्यक्रम गरिएको आयोजकको भनाइ रहेको छ।

प्रमुख अतिथि महर्जनले नेवाः देय् दबू कीर्तिपुर नगर समितिले सबै नेवारहरुलाई सन्देश दिने कार्यक्रम संचालन गर्दै आएको बताउनु हुँदै विगतमा बागमती प्रदेशमा नेपालभाषालाई सरकारी कामकाजि भाषाको रुपमा लागू गराउनको लागि पनि सडकमा उत्रिएको स्मरण गर्नुभयो।

कार्यक्रममा विशेष अतिथि नेवाः देय् दबू स्वनिगः विशेष प्रदेशका सचिवालय सदस्य अधिवक्ता नरेश श्रेष्ठले नेवारहरुले सामुहिक अधिकारका लागि अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो।

यसैगरी भाजंगालको दिप र पीगं संरक्षणका लागि जनस्तरबाट गठन गरिएको समितिका अध्यक्ष श्रीकृष्ण महर्जनले बाटो बनाउने नाममा संकट आउने सम्भावना रहेको भाजंगालकोदिप र पीगं संरक्षणका लागि पहल गर्न कार्य भइरहेको बताउनु भयो।

कार्यक्रममा नेवाः देय् दबू यँ जिल्लाका सचिव धनवीर महर्जन, ज्यापु महागुथि किपू नगर समितिका अध्यक्ष रामभोला महर्जनले देय् दबूको कार्यको सराहना गर्नुभएको थियो।

कार्यक्रममा लोककवि राजभाई जकःमि, कवि अर्जुन नेपाःमि र कुलबहादुर महर्जनले कविता वाचन गर्नुभएको थियो।



राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

संगीत चर्चा

सूर र सरगम

✍ **गंगादेवी महर्जन**

हामीले जब संगीतको चर्चा गर्छौं त्यस सँगै सूरको पनि कुरा आउने गर्दछ। कुनै पनि संगीत संगीतका आधारभूत स्वरमा आधारित रहेको हुन्छ। संगीतमा मुख्यतः सात स्वर हुन्छ - सा रे ग म प ध नि। यसलाई सप्तक भनिन्छ। पाश्चात्य संगीतमा यसलाई octave भनिन्छ। सप्तक ३ किसिमको हुन्छ - मन्द्र, मध्यम र तार वा तिव्र सप्तक। एक सप्तकमा एक आवृति गर्दा वा गाउँदा आन्दोलन संख्या बढ्दै जान्छ वा भनौं माथि चढ्दै जान्छ। सप्तकको शुरुको अक्षर स्वर सा र अन्तिम स्वर नि हो।

एक सप्तक भित्र पनि सुद्धस्वर ७ र विकृत स्वर ५ हुन्छ। विकृत स्वर रे ग म' ध नि गरी जम्मा १२ स्वर हुन्छ। यसमा रे, ग, ध र नि स्वर कोमल हुन्छन् भने म स्वर तीव्र हुने गर्दछ।

स्वरको प्रयोगको आधारमा यी स्वरहरुलाई मन्द्र मध्यम र तार वा तीव्र गरी तीन सप्तकमा विभाजन गरिएको पाइन्छ।



यसलाई हामी हारमोनियममा पनि बुझ्न सक्छौं। चित्रमा देखाइए जस्तै हार्मोनियममा सेता र काला कीहरु हुने गर्दछन्। जसमा विशेषतः सेता कीहरु शुद्ध स्वर र काला कीहरु विकृत स्वरका लागि प्रयोग गरिन्छन्। तर स्केल परिवर्तन गर्न मिल्ने हार्मोनियममा यो नियम लागु नहुन सक्छ।

चित्रमा देखाइए जस्तै पहिलो सप्तकमा हरेक स्वरको मुनि थोप्लो दिइएको छ जस्तै : सा रे ग म। यसलाई मन्द्र सप्तक भनिन्छ भने अन्तिम सप्तकमा स्वरको माथि थोप्ला दिइएको हुन्छ। जस्तै सां रें गं मं। यसलाई तीव्र सप्तक भनिन्छ। मध्यम सप्तकमा कतै पनि थोप्लो प्रयोग गरिँदैन। जस्तो - सा रे ग म। यसरी मन्द्र सप्तक पहिलो मध्यम दोस्रोमा र तार सप्तक अन्तिममा रहेको हुन्छ। धेरै जसो गीतहरु मध्यम स्वर मै बनेको हुन्छ। तर आवश्यकता अनुरुप मन्द्र र तार सप्तकका सुरहरु पनि गीतमा प्रयोग भइरहेका हुन्छन्।

गाउन सुरको ज्ञान हुन पनि अति जरुरी छ। तर सुरको ज्ञान हुँदैमा गाउन सकिन्छ भन्ने पनि हुँदैन कसैको ज्ञान हुन्छ अर्थात कसैले गाउँदा सुर लाग्यो लागेन सुन्ने शक्ति र ज्ञान हुन्छ भने आफ्नो गला हुँदैन। सुरको ज्ञान भएर पनि गाउन नसक्ने धेरै छन्। सुर पक्का लगाउन हारमोनियम वा तानपुरामा रियाज अभ्यास गर्नुपर्छ। सुर (भन्नाले) कुनै कुनै व्यक्तिमा god gift हुन्छ उनीहरुले संगीतको ज्ञान शिक्षा लिएको हुँदैन तर पनि पक्का सूरमा गाएका हुन्छन। तर जन्मजात सूर छैन भन्दैमा उनीहरुले गाउनै नसक्ने भन्ने हुँदैन। संगीतको ज्ञान लिएर सूरको ज्ञान लिएर धेरै भन्दा धेरै अभ्यास गरेर पनि गाउन सकिन्छ। तर गाउन आवाज गला भने हुनुपर्दछ।

बाँकि अर्को अंकमा

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
नेवाः एफएम १०६.६ मेगाहर्ज
Newa FM 106.6 MHz
न्हिच्छि-चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंकं प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेदेमिया निति
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः-२, ललितपुर
फोन ल्याः ४३३७२२१, ४३३४२२२
ई-मेल : ankmedia.newafm@gmail.com
ग्रामो पात्रो

लुम्बिनीमा सम्पन्न अन्तर्राष्ट्रिय त्रिपिटक पाठ

भुखाय् ब्वय् फुगु लू



✍ **मदनराम कर्माचार्य "कान्तिपुरी"**

खय्तला भुखाय् ब्वइगु प्रणाली याने थुबले हे ब्वइ धयागु कित्तानिकथं आःतक नासा संस्थां तक धाय्फुगु मदुनि। अय्सां- ध्वया संकेथया सुचं छुं सेकेन्ड न्ह्यः बिइफुगु धाःसा थौंया वैज्ञानिक विकास जुइ धुंकल। गथेकि जापानया लाःगासंया याने समुद्रया तत्वन्धि पाखें भ्वखाय् बोय २५ सेकेण्ड न्ह्यो गं थानाः जनमानसयात सूचं प्रवाह याइ। समुन्द्रया लागाः सलिसें हिरोसीमा नागासाकी शहरय् तक धयागु गुलि लँया दुरि तापाई उलि लिपालाक्क भोखाय् बोइ अप्व ई न्ह्यो सूचं काय दइ याने ४० सेकेन्ड न्ह्यो ! अथेहे चीनय् व विकसित देय्पाखे विकास जुइ धुंकल। अथे ला चीनं नेपाःयात २० सेकेन्ड न्ह्यो भ्वखाय् बोइगु सूचंया गं थानाः जनमानसपिन्त सतर्कताय् तयके कथं ८० थासय् दुगु मेशिन तयूत्यंगुलिइ स्वथाय् प्यथाय्, तय् नं धुंकूगु सूचं पिदने धुंकल। छगू मेशिनया आःया भाः नीगू लख तू। ध्वयां अप्वः थाय् तयुगु सा नेपाः सरकारं तय्माः। झीथाय् सरकार भचा आशाकुटी जूगुलिं तैमतै व लिपा सिइगु खँ जुल।

भ्वखाय् ब्वइगु ई यक्को न्ह्यः धाय् मफुगु छाय् धाय्बलय् थौंया आधुनिक वैज्ञानीकिकरण स्पष्ट स्वरूपं अनुसन्धान यायेमाः। अनुसन्धान यायेत उदाहरणया स्वरूपय् अनुमानया खँ जक तिनि आःतक ? झीगु पृथ्वी ग्वाराया भुमिया तह मूब्व कथं स्वंगु ब्व दु। गथेकि भुमि (बँ) न्हापांगु ब्वय् ठोस याने चा, फि, लोहं, लः कँचा, पँचा काकां क्वय् ग्याँस वै अक्सिजन म्हो जुजुं वनी। वयां क्वय् निगूगु ब्वय् अतिकं क्वाःगु तरल दै। वयां क्वय् स्वंगूगु ब्वय धाःतु नायूकेवले गुलि क्वाइ, तापमान दै, वयासिबें अप्वः क्वाःजः दइ। थुकियागु अनुसन्धान यायेत प्रमाणिकरूपं याये मफुगु कारण संभवत न्हापान्हापा ब्वःगु ख्वखाचंया अनुमाणित जक यायेमाःगुलिं गुबलें मिलय् जुइ गुबलें मजुइगु खः। थथेहे भोखाय् ब्वयाच्वंगु इलय् दिनदशा ग्रह स्वरूपं अनुमाणित याइ मिलय् जू वइगु लू मदुगु नं मखु।

भ्वखाय् छाय् ब्वइगु ?

फ्यूचर लू धाःपाखें याने खगोल प्रणाली लिधंसा कयातःगु ज्योतिष शास्त्रया स्वरुपं ग्रह दिन दशाया लूया इवः दना ब्वइ, वइ। अले वयागु गुरुदें वइगु व वायुवाम् रूपय् तू मतुकलं तया यक गुरुत्वाकर्षणं साला काइगु फुक्क याने सारा शक्ति पृथ्वीया छगू ब्वय् याने भागय् मुना बिइ । गुकि पृथ्वी छुं ईया निमित्तय असंतुलित (गडवड) जुया विइ अले भूगर्भसं तोड़-फोड़ जुइगु परिस्थिति चूलाइ। पृथ्वी व मेगु अन्य, न्ह्याग्गुं ग्रहलय्, गुरूत्वाकर्षण दया च्वनी। गुगु कारणं नं न्ह्याग्गु याने प्रत्येक वस्तुत नं थःथःगु ग्रहपाखें गुरुत्वाकर्षण लुइगु थासय् दुथ्याःवनी। इमिसं वयागु रेखापतिइ सलायंकि। लिसें उखेपाखें न्ह्यचिइका यंकि। गुगु इलय् अप्वः संख्यात्मक ग्रहतय्गु गुरुत्वाकर्षणयागु प्रभाव पृथ्वीया गुगु छगू कोणय् लाः वइ, वल धाःसा असंतुलनया स्थिति उत्पन्न जुयाबिइ।

उदाहरण स्वरूपं कायगु खःसा यदि दक्व याने अप्वः ल्याखया ग्रहत छगू तरफय् वनिइगु इलय् चन्द्रमां नं लगभग आमावस्या, पूर्णिमा प्रतिपदाया धा जुइब्यू याने १८० डिग्री या अंतर याने पाना बिल कि भ्वखाय् ब्वयफु या त ब्वयाविइ। थुकिया च्वलं लाच्छि लिपा वा लच्छिइ दुने उगु ब्वःगु भ्वखाच्वया लू हाकनं लितुना वई धयागु विश्वास दया च्वंगु दशी नं मदुगु मखु।

निगूगु स्थितिइ यदि दक्वं वा फुक्क वा अप्वलं बेमेल ग्रहतय्गु ध्रुविकरण १८०° ब्वयागु जुयाच्वंगु दुसा वा छगूगु ध्रुवपाखे सूर्य व छुं छुं ग्रहत व निगूगु ध्रुबयात अन्य दुक सुसुं ग्रहपाखे व मेखे चन्द्रमा मध्य याने दथुइ याने सूर्यपाखे ९० वा २७० डिग्री प्रति जुल मेगु नापलिसें सुं न्ह्याम्हें ग्रहपिं जुइब्यु भ्वखाच्वया स्थिति चूलाना विइफु लाःवइ। थुगु स्थितिसं न्ह्याकथं भ्वखाय् बोयाविइ उकियागु लिच्चः याने हाकनं बाःछि लिपा हे जक भ्वखाय् ब्वैगु जुयाविइ फु।

भ्वखाच्वःया इन्टेनसिटि गुलि दयाच्वनि ?

भ्वखाच्वःया इन्टेनसिटी यागु अनुमान यायेगुलिइ थथे खंकेगु जुइकि पृथ्वी ग्वाराय् छखेपाखे न्ह्यानावैगु ग्रह गुलि ल्याःदँपाखें नाप दै। पृथ्वीया छगू कोणय् न्ह्याइगु बखतय् थुपिं फुक्क ग्रह ९० डिग्री दैगु गुलिनं दुने दइ उलिहे अप्वः (तिव्र) संकिगु भ्वखाय् ब्वइ वा वइ। यदि थुकथं पाक्क ६० डिग्री सिबें म्हो दना विलसा भ्वखाच्व अधिक तसकं इन्टेनसिटी ज्वः कथंगु जुयाबिइ फु। थुगु ह्युपाःकथं पानां याने ३० डिग्री सिवय् म्हो दना (कम) बिल धाःसा भ्वखाच्व तसकं जक मखसे ततःसकं सिक्क ग्यानापुक ९.५ म्याग्नीच्यूट वा वयासिबें अप्वयूक जुइगु इन्टेनसिटि ग्यंगु जुया विइफु वा ब्वयाः तहस नहस स्यंका विइगु कथंगु जुइ।

नेपालय् ग्रह गथे इवः दनीगु परिस्थितिइ भ्वखाच्व खाइगु ?

नेपालय् आःया न्हू तःभ्वखा याने २०७२ वैशाख १२ गते शनिवाः (२०१५ अप्रिल २५) न्हिनसिया ११.५६ बजेया पलाः घड़िया इलय तः भ्वखाय ब्वल। गुकिं यानाः द्वलंद्व मनूत सित। गुलिखे ल्याःया मनूतय् वेठेकाना जुल। लखंलख मनूतय् छैं दुन स्यन। थायूवाय् उखेला थुखेलाः जुयाविल। थ्व तः भ्वखाच्वः सहश्राव्दिया पुलांगु स्वरुपगु ऐतिहासिक ग्यंक वःगु गथे मखु धायेगु। थुगु ईया इवलय् ग्रहया परिस्थितिया नक्सा दयकेगु खःसा झीसं खंके फइकि अप्वलं ल्याःया ग्रह याने गथे कि सूर्य, मंगल, बुध, व शुक्र छगू हे कोणया थासं वयाच्वन। अले थ्व कोणसं ग्रहत केवल ४० डिग्रीया दुने जक लाःगु जुल। थ्वहे कारणया स्वरूपं वैशाख १२ गते शनिवार कुन्हु भ्वखायूयागु इन्टेन्सिटी तसकं अप्वयूक खाःगु जुल। सप्तमीया चन्द्रमाँ व सूर्य नाप ९० तापाक्क जक पाःगु दु। थ्वया कारणया लुधाःलं १७ न्हु लिपा २०७२ वैशाख २९ गते (२०१५ मई १२) मङ्गलवाः नःमिकुन्हु न्हिनसिया १२.५० बजेया पलाःया घडिइ बैशाख १२ गतेया भ्वखाच्वया हे पराकम्पन याने लितुना वःगु रूपया भोखाच्व ब्वःगु खः। थुकुन्हु हे पृथ्वीया छगू कोणसं न्ह्यानावःगु ग्रहया सिबें तापाक्क ४० डिग्री स्वयां अप्वयूक ८४ डिग्री थ्यनाबिल। थुगु कारणं थथेगु स्वरुप लिपा तुलावःगु भ्वखाच खाःगु म्हदंकगु इन्टेनसिटि यागुजक जूगु खत।

ल्यं मेगु ल्याखय्

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११८

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुनुपुनी, सं.	= गुंपुनी	
गुनुं, क्रि.वि.	१. दुनें दुनें (मि च्याये, मकः न्वये)।	भित्रभित्र (सल्कनु)
	२. बुलुं दुने निसें (तं वये)।	भित्रभित्र (रिस उठ्नु)
गुनू, सं. (नुलि-, -पु)	मां नापं गंका तःगु फकं।	सुकाइएको कर्कलो, कर्कलोको डाँलो।
गुने, वि.	दँ वा बर्सयात थुइकीगु खँग्वः, थगुने, नगुने।	वर्ष वा साललाई बुझाउने शब्द।
गुपत, सं.	दुसाः।	गुप्त, गुप्ति।

हलिं नेवाः गुथि गतिविधि

मंकाः दँमुँज्या व तःमुँज्या

- **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथि यैं जिल्ला पुचःया न्हापांगु तःमुँज्या व लिधंसा कचाया निक्वःगु दँमुँज्या मंकाःकथं वंगु शनिवाः थनया बिजयेश्वरीइ क्वचाल। यैं जिल्लाया नायः ज्ञानुराजा सिख्वाकारया नायःसुइ जूगु ज्याइवलय् बागमती प्रदेश सभा दुजःलिसें पूर्वमन्त्री बसन्त मानन्धर विशेष पाहाँकथं झायादीगु खः।

हलिं नेवाः गुथिया मूनायः विनोद महर्जन, संरक्षक शान्तप्रकाश श्रेष्ठ, हलिं नेवाः दबू नेपाः देय् मूकवःया नायः सुरेन्द्रभक्त श्रेष्ठ, नेवाः पत्रकार राष्ट्रिय दबूया नायः नृपेन्द्रलाल श्रेष्ठ, लिधंसा कचाया नायः सिलुकाजी महर्जन, सम्पदा कवःया कजि धर्मनारायण महर्जन, हलिं नेवाः गुथिया दांभरिं मिना गोपाली, दाह संस्कार कवःया कजि विश्वमान श्रेष्ठ, स्वास्थ्य कवःया कजि डा. रसिला अमात्य, सूचना संचार कवःया रामप्रसाद श्रेष्ठ, व्यापार कवःया कजि निमेशमान श्रेष्ठ, लमि कवःया कजि योगी स्यस्यः, रविभवन कचाया नायः तिमिला महर्जन, नेवाः बागमति प्रदेशया न्वकु दानशोभा शाक्यलिसेंयापिसं दँमुँज्या व तःमुँज्या ताःलायेमा धकाः भिंतुना देछानादीगु खः।

ज्याइवलय् नुगःखँ तयादिसें मूनायः महर्जनं वइगु चैत्र ३ गते गुथिया दँमुँज्या ज्याइवलय् सकलें नेवाः तिसावसःसहित ब्वति कायत इनाप यानादिल। वयूकलं आन्तरिक पर्यटन प्रवर्द्धनया निंतिं नं थःपिनि दँमुँज्या पणु (पालुङ्ग)य् न्ह्याके त्यनागु खँ कनादीगु खः।

थुकथं हे प्रदेसशभा दुजः बसन्त मानन्धरं प्रदेशसभापाखें नेवाः भाय्यात प्रदेश सरकारया कामकाजी भाषाया मान्यता बी धुंकूगु दुसा थुकियात कार्यान्वयनय् यंकेत हलिं नेवाः गुथिं नं पहल यायूमाःगु खँ कनादिल।

ज्याइवलय् लिधंसा कचायात थीथी इलय् थीथीकथं ग्वाहालि यानादीपिंत सुभाय् पौ नं देछाःगु खः।

इनाप

हनेबहःपिं नेपालभाषाह्यमि रचनाकार भाजुमय्जुपिं !

मेरो साप्ताहिकया नेपालभाषा पौया निंतिं छिकपिनिगु मूवंगु च्वसु बियाः ग्वाहालिया निंतिं इनाप यानाच्वना। नेपालभाषा, सा हित्य, इतिहास, धर्म, संस्कृति सम्बन्धी च्वसुयात थुगु पतिइ विशेष प्राथमिकता बीगु जुइ। लिसें थुगु पौयात च्वन्ह्याकेगु निंतिं छिकपिनिगु सल्लाह सुझावया नं अपेक्षा यानाच्वना।

स्वापू :

९८४१२१५२५०, meroweekly@gmail.com

थाहा नपा सांस्कृतिक संरक्षित क्षेत्रका लागि बैठक

• **मेरो संवाददाता**

काठमाडौं/थाहा नगरपालिकामा सांस्कृतिक संरक्षित क्षेत्र घोषणाका लागि कुन्छालका स्थानीयबासीहरुसँग विशेष छलफल गरिएको छ। सांस्कृतिक संरक्षित क्षेत्र घोषणाका लागि गठित अध्ययन कार्यदलका संयोजक विनोद महर्जनको अध्यक्षतामा थाहा नगरपालिका वडा नं. १ का का.वा. अध्यक्ष सरोज प्रधानको विशेष सहभागितामा कुन्छालका धामी, नाइके, गुरु, थकाली, गुथियारहरुको सहभागिता रहेको छलफलबाट कुन्छालका संस्कृति परम्परा सम्पदा, प्रथाजन्य संस्कार र सांस्कृतिक संरक्षित क्षेत्रका लागि ऐनका विषयमा छलफल गरिएको थियो।

कुन्छालका स्थानीयबासीहरुको उत्साहजनक सहभागिता रहेको उक्त भेलाले कार्यदलका सदस्य विष्णु गोपाल गोपालीको संयोजकत्वमा ९ सदस्यीय कुन्छाल उपसमिति समेत गठन गरिएको थियो।

नेवाः खलः ह्यामबर्गद्वारा इही

• **मेरो संवाददाता**

काठमाडौं/नेवाःखलःह्यामबर्गको आयोजनामा गत शनिवार जर्मनको हिन्दु मन्दिरमा इही (बेलविवाह) सम्पन्न भएको छ। वर्ल्ड नेवाः अर्गनाइजेशनको संयोजनमा भएको कार्यक्रममा चार जना बालिकाहरुको सहभागिता रहेको थियो। नेवाः खलः ह्यामवर्गका अध्यक्ष मानव कुमार श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रमको संयोजकत्व नेवाः खलःको महिला तथा संस्कृति संयोजक उर्मिला बदगामी श्रेष्ठले गर्नुभएको थियो।

वर्ल्ड नेवाः अर्गनाइजेशनका केन्द्रीय उपाध्यक्ष रजनी प्रधानको प्रमुख आतिथ्यतामा डब्लूएनओका सल्लाहकार रविन्द्रमान श्रेष्ठ, यूरोप कोअर्डिनेटर कुमार नापितलगायत अन्य पदाधिकारीहरुको सहभागिता रहेको कार्यक्रममा गैरनेवार हरुको समेत उपस्थिति रहेको थियो। कार्यक्रम सफल बनाउन सहयोग गर्ने विभिन्न महानुभाव तथा संघसंस्थालाई अध्यक्ष श्रेष्ठ र यूरोप कोअर्डिनेटर नापितले धन्यवाद ज्ञापन गर्नुभएको थियो। इही संस्कारको पूजा योगेन्द्र बज्राचार्यले गराउनु भएको थियो।

इही कार्यक्रम सफल पार्नका लागि बिजय खडका, सेसन श्रेष्ठ, विनीता मरहट्टा, योगेस श्रेष्ठ, किशीर गुरुङ, चन्द्र राई, आसिस तन्दुकार, माया क्षेत्री, अमृत बासुकला, श्रद्धा तिवारी, नरेन्द्र श्रेष्ठ, छिरिङ राई, कल्पना वाग्ले, शर्मिला रोक्का (सीमा), चली गुरुङ, संगिता वराल, सुमी पाण्डे, सुमी गुरुङ, शशि गुरुङ्ग, जुनु गुरुङ्ग, अनिता मास्के, सुनिता राई, पार्वती श्रेष्ठ, रजनी श्रेष्ठ, जगन श्रेष्ठ, सारा राई र इन्सु तन्दुकारले विशेष सहयोग गर्नुभएको जानकारी प्राप्त भएको छ।

दुराशयपूर्ण समाचारप्रति क्षत्रपाटी चिकित्सालयको आपत्ति

• **मेरो संवाददाता**

काठमाडौं/क्षात्रपाटी चिकित्सालयले किन्न लागेको सिटी स्क्यानविथ कार्डियाक, डिजिटल मेमोग्राम मेशिनको टेण्डर प्रक्रियाको आर्थिक प्रस्ताव नखुल्दै तीन करोड रुपैयाँ अनियमितता भएको भन्दै केहि अनलाइन सञ्चार माध्याममा आएको समाचार गलत र दुराशयपूर्ण रहेको भन्दै चिकित्सालयले आपत्ति जनाएको छ।

आइतबार चिकित्सालयले एक विज्ञप्ति जारी गर्दै सार्वजनिक खरिद ऐनको आवश्यक प्रक्रिया पुरा गरी ती मेसिन खरिद गर्ने प्रक्रिया सुरु गरेको तर त्यसको आर्थिक प्रस्ताव नै नखुलेको अवस्थामा अनियमितता भएको भन्दै समाचार लेखिनु हास्यास्पद र दुराशयपूर्ण रहेको जनाएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयमा बन्द रहेको सामान खरिदको प्रस्ताव खोल्नु अघि नै यति रकम अनियमितता भयो भनेर समाचार प्रकाशित गर्नु आफैमा दुरासयपूर्ण समाचार भएको भन्दै चिकित्सालयले स्पेशिफिकेशन लक्ड गरिएको र खुल्दै नखुलेको आर्थिक प्रस्तावमाथि अनियमितता भएको भन्ने तथ्य पुष्टि गर्न चुनौति दिएको छ।

विज्ञप्तिमा भनिएको छ, यस छत्रपाटी निःशुल्क चिकित्सालय (अस्पताल) ले सार्वजनिक खरिद ऐनको आवश्यक प्रक्रिया पुरा गरी सिटी स्क्यानविथ कार्डियाक, डिजिटल मेमोग्राम मेशिन खरिद गर्ने प्रक्रिया सुरु गरेको हो। काठमाडौं महानगरपालिकाको सहयोगमा खरिद गर्न लागेको सिटी स्क्यानविथ कार्डियाक, डिजिटल मेमोग्राम मेशिन खरिद प्रक्रिया निष्पक्ष र पारदर्शी ढंगले अघि बढिरहेको छ। हाल सार्वजनिक खरिद अनुगमन कार्यालयमा बन्द रहेको टेण्डर प्रक्रिया आजै (आइतबार) अपरान्ह ३ बजे खुल्नेछ। खुल्ने प्रक्रियामै रहेको आर्थिक प्रस्तावमा कति मूल्यमा आपूर्ति गर्ने रकम हालिएको छ भन्ने कुरा बाहिर सार्वजनिक नहुँदै, बन्द अवस्थामा रहेको आर्थिक प्रस्ताव नखुल्दै तीन करोड रुपैयाँ अनियमितता भएको भनेर समाचार लेखिनु हास्यास्पद र दुराशयपूर्ण रहेको देखिन्छ।'

चिकित्सालयले काठमाडौं महानगपालिकाको स्वास्थ्य सेवा विभागमा २०६० ०६।१७ गते सिटी स्क्यान र डिजिटल मेमोग्राम खरिद प्रक्रियाको लागि स्पेशिफिकेशन बुझाई स्वीकृति लिएर २०६०।०९।०१ गते आपसी सम्झौता पश्चात वैधानिक प्रक्रिया पुरा गरी सोही बमोजिमको टेण्डर प्रकाशित भई खरिद प्रक्रिया अघि बढिरहेको बताउँदै त्यस बाहेक अन्य केही नभएको जनाएको छ।

आर्थिक प्रस्ताव खुल्नु १५ घण्टाअघि समाचार प्रकाशित हुनु अस्पतालले खरिद गर्न लागेको सिटी स्क्यानविथ कार्डियाक, डिजिटल मेमोग्राम मेशिनको खरिद प्रक्रिया नै रोक्नेउद्देश्य निहित रहेको भन्दै चिकित्सालयले विगत देखि नै अस्पतालले खरिद गर्न खोजेको सिटी स्क्यानविच कार्डियाक डिजिटल मेमोग्राम मेशिन खरिद प्रक्रिया रोक्न पटक पटक विभिन्न च्यानलहरुबाट दबाव आइरहेको उल्लेख गरेको छ।

छत्रपाटी निःशुल्क चिकित्सालय विशुद्ध सामुदायिक अस्पताल रहेको भन्दै चिकित्सालयले उक्त टेण्डर प्रक्रिया निष्पक्ष, स्वतन्त्र र सार्वजनिक खरिद सम्बन्धी ऐन अनुसार अघि बढाएको उल्लेख गरिएको छ।

चिकित्सालयका अध्यक्ष डा. मनोजमान श्रेष्ठद्वारा हस्ताक्षरित उक्त विज्ञप्तिमा यो अस्पताल समाजसेवाको भावनाले स्थानीयसेवीहरुले स्थापना गरिएको बताइएको छ। यो सरकारी या नाफामूलक निजि अस्पताल जस्तो होइन। यसमा हुने सबै क्रियाकलाप पारदर्शी छन् र हुन्छन् भन्दै विज्ञप्तिमा अस्पताल सरकार र जनताप्रति जवाफदेही रहेको उल्लेख गरिएको छ।



उत्कृष्ट प्रदर्शन गर्दै नेपाल उपविजेता

• **मेरो संवाददाता**

काठमाडौं/साउदी अरेबियाको जेद्दाहमा गत बिहीवार सम्पन्न आठौं पश्चिम एसियाली फुटबल महासंघ (बाफ) महिला च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको छ। पहिलो पटक बाफ महिला च्याम्पियनशीप खेलेको नेपाल समूह चरणमा अपराजित रहँदै सेमिफाइनलमा पुगेको थियो भने सेमिफाइनलमा लेबनानलाई २-१ ले पछाडि पार्दै नेपाल फाइनल पुगेको थियो।

बिहीवार भएको फाइनलमा पाँच पटक बाफ महिला च्याम्पियनको उपाधि चुमी सकेको जोर्डनको सामना गरेको नेपालले खेल अवधि भर नै जोर्डनलाई दवावमा राख्न सफल भएको थियो। खेलको पहिलो हाफमा २९ औं मिनेटमा सविता रानामगरको गोलबाट अग्रता लिएको नेपालले दोश्रो हाफमा भने जोर्डनकी लिना फरेसले ७४ औं मिनेटमा गोल गर्दै बराबरीमा ल्याएको थियो भने ८९ औं मिनेटमा जोर्डनकी सारा अबुले दोश्रो गरेर नेपाली समर्थकमा निराशा ल्याईदिएको थियो तर इन्जुरी समयमा पाएको पेनाल्टीको सदुपयोग गर्दै नेपाली खेलाडी गीता रानाले खेललाई बराबरीमा फर्काएसँगै खेल टाइब्रेकरमा पुगेको थियो।

टाइब्रेकरमा नेपालका लागि गीता राना, दीपा शाही र हीराकुमारी भुजेलले गोल गरेका थिए भने जोर्डनका लागि आयाह अल मजाली, मेइसा जब्राह, नुर जोक्वास, सारा अबु सबा र रोजबाहान फरिजले गोल गरेका थिए।

उत्कृष्ट प्रदर्शन गर्दागर्दै पनि नेपाल टाइब्रेकरमा ५-३ ले स्तब्ध हुन पुगेको थियो।

आमन्त्रित टोलीको रुपमा पहिलोपटक बाफमा खेलेको नेपाली टोलीले आफ्नो खेल अवधिभर नै उत्कृष्ट प्रदर्शन गर्दै विपक्षी टीमलाई दवावमा राख्न सफल भएको थियो।

विशेष गरी नेपाली टोलीकी स्ट्राइकर सावित्रा भण्डारी (साम्बा)को यो खेलमा निक्कै चर्चा भएको थियो। उनले बाफमा ९ गोल गर्दै सर्वाधिक गोलकर्ताको रेकर्ड समेत कायम गरेका थिए। तर फाइनलमा फिफा विन्डोभन्दा बाहिर परेका कारण सावित्रा फाइनल खेलबाट बञ्चित हुनु परेको थियो।

बाफ च्याम्पियनसिप फिफा विन्डो बाहिर भएकाले सावित्रालाई नेपालको खेल छाडेर आफू आबद्ध फ्रेञ्च क्लब एना भान गुइनगाम्पमा फर्किनु पर्ने भएको हो। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले बुधबार सावित्राले बाफ च्याम्पियनसिपको फाइनल खेल गुमाउने आधिकारिक जानकारी दिएको थियो।

सावित्रासँगको क्लबको सम्झौता अनुसार फिफा विन्डोमा आफ्नो देशका लागि खेल्न पाउने अनुमति थियो। तर, वाफको फाइनल फिफा विन्डो भित्र नपर्ने भएकाले सावित्रा फाइनल छाडेर आफ्नै क्लब फर्किनु परेको थियो।

यसैबीच शनिवार नेपाल फर्किएको महिला राष्ट्रिय टोलीलाई पूर्व स्वास्थ्य राज्यमन्त्री तथा प्रतिनिधि सभाका सदस्य डा. तोसिमा कार्की, एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङ्ग, वरिष्ठ उपाध्यक्ष वीरबहादुर खड्का लगायतले स्वागत गर्नुभएको थियो।

बाफमा उपविजेता बनेर फर्किएका महिला राष्ट्रिय खेलाडीहरुलाई एन्फाले जनही ५१ हजार पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ।

प्रो. अरुण महर्जन

अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१

यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

एपीएफ र सुदुरपश्चिम विजयी

• **मेरो संवाददाता**

कास्की/सुन्दर ढोका साथि सेवाको मुख्य प्रायोजनमा आयोजना भएको विकास शिल्ड राष्ट्रिय ह्वीलचियर बास्केटबल च्याम्पियनसिप नेपाल-२०८० को उपाधि पुरुषतर्फ सशस्त्र प्रहरी बल एपीएफ र महिलातर्फ सुदुरपश्चिम प्रदेशले हात पारेका छन्।

प्रतियोगिताको फाइनलमा एपीएफले त्रिभुवन आर्मी क्लबलाई २९-२८ अंकले पराजित गर्दै उपाधि उचालेको हो। पुरुषतर्फ बागमतीले लुम्बीनीलाई २७-६ अंकले पराजित गर्दै तेस्रो स्थान हासिल गरेको छ।

महिलातर्फ प्रतियोगिताको फाइनलमा सुदुरपश्चिम प्रदेशले लुम्बिनी प्रदेशलाई ८-४ अंकले पराजित गर्दै उपाधि उचालेको हो। महिलातर्फ कोशीले प्रदेशले बागमती प्रदेशलाई १६-४ को फराकिलो अन्तरले हराउँदै तेस्रो स्थान हासिल गरेको छ।

उपाधीसँगै पुरुष र महिलातर्फका क्रमशः प्रथम, द्वितिय र तृतिय हुने टोलीले ५०, ४० र ३० हजार नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे भने, प्रतियोगितामा उत्कृष्ट खेलाडी र (हाई स्कोरर)लाई नगद रु ५ हजारसहित ट्रफी प्राप्त गरेका छन्।

यही फागुन २० र २१ गते दुईदिनसम्म संचालन गरिएको विकास सिल्ड प्रतियोगितामा सातै प्रदेश र विभागीय टोली गरी १५ टोलीको सहभागीता रहेको थियो। जसमा पुरुष ९ टोली र महिला ६ टोलीले उपाधिको लागि प्रतिस्पर्धा गरेका थिए।

सुन्दर ढोका साथि सेवा अपाङ्गता भएका व्यक्ति तथा परिवारको सर्वाङ्गिण विकासको क्षेत्रमा क्रियाशील सामाजिक सेवामूलक संस्था हो।

मेरो साहित्य

गिद्धे आँखा

✍ **सरीना बज्राचार्य**

मन भक्कानिएर रुन्छ
नाबलिका बलात्कारको समाचार सुन्दा र हेर्दा
जतातै गुन्जिएको छ
कहाली लाग्छ

एकचोटि आफैले
आफैलाई हेर्छु
फेरि आफ्ना
नाबालिका सन्तानहरू
सम्झिन्छु आफैलाई
कोच्छु, आफैलाई धिक्कार्छु
प्रश्न गर्छु किन जन्मिन्,
किन जन्माइन् कोपिला
छोरीहरूलाई
जहाँ गिद्धे आँखा
जहिले पनि गारिरहेको हुन्छ

सुरक्षित छैनौं हामी
नाबालिकादेखि वृद्धासम्म
लाग्छ अब मलाई त साच्चि
न्याय हराएको देश
धर्म हराएको देश
नैतिकता हराएको देश
सतिदेवीले सरापेको देश
पितृले सरापेको देश
नेपाल ...

श्रद्धाञ्जली देछाना

जन्ममिति :
१९८७/५/२०

स्वर्गारोहण :
२०८०/११/०८

स्व. रत्नमाया महर्जन

हाम्रा प्रातः स्मरणीय आमा **रत्नमाया महर्जन** को आकस्मिक निधन भई हामीमाथि ठूलो बज्रपात भएको समयमा हामीलाई सान्त्वना र धैर्य धारणका लागि हौसला प्रदान गर्नुहुने र विविध रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुमा धन्यवाद ज्ञापन गर्दै दिवंगत आमाको सुखावती भुवनमा बास होस् भनी कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

श्रद्धाञ्जली अर्पण गर्नेहरु

भाई बुहारी - शान्ति महर्जन
जेठा छोरा/बुहारी - अष्टनारायण/गंगा महर्जन
माइला छोरा/बुहारी - चैत्य नारायण/नानीछोरी महर्जन
कान्छा छोरा/बुहारी - हिराकाजी (नविन)/सुभद्रा महर्जन
छोरी/ज्वाइँ - हिरादेवी महर्जन/शंख नारायण डंगोल
भतिजी/ज्वाइँ - सञ्जिला महर्जन/तेजरत्न महर्जन
छोरा तर्फका नाति/नातिनी - आचल / सनीर / सलोना / सुनब महर्जन
छोरी तर्फका नाति/नातिनी - सहीना / सहीस्मा डंगोल / अभय / निर्भय महर्जन

किलाघः मिसा पुचःको आयोजनामा इही

• मेरो संवाददाता

काठमाडौं/किलाघः त्वाः मिसा पुचःको आयोजनामा इहि कार्यक्रम फागुण १९ र २० गते सम्पन्न भएको छ। दुई दिन भएको सो कार्यक्रममा १३ जना कन्याको उपस्थिति रहेको थियो। नेवारी परम्परा अनुसार भएको सो कार्यक्रममा कन्यालाई बेलसँग विवाह गरिदिने चलन रहे अनुसार हातमा बेल सुपारी पानको पात राखि बाधि बुबाले बोकि जग्गे घुमाई कन्या दान गर्ने चलन रहेको छ।

५ देखि ७ वर्ष सम्म पुगेका कन्या बालिकालाई इहि गर्ने चलन रहेको अनुसार घरमा एक्लै गर्दा धेरै आर्थिक भार पर्ने हुँदा नेवार समुदायमा सामूहिक रुपमा नै कन्याहरु संकलन गरि इही पुजा गर्ने चलन रहेको छ।

किलाघः त्वाःका महिलाहरुलाई संगठित गर्दै सांस्कृतिक, सामाजिक तथा विविध कार्यक्रमहरु संचालन गर्दै आएको पुचःले सदस्यहरुको माग अनुरुप सामूहिक इहीको आयोजना गरेको अध्यक्ष हेराशोभा महर्जनले जानकारी दिनुभएको छ। मिसा पुचःले दोश्रो पटक यसरी इहीको आयोजना गरेको हो। इही संस्कारको पूजा बौद्ध विद्वान सुमन बज्राचार्यले गराउनु भएको थियो। नेवार संस्कृतिमा इही संस्कारपछि महिला विधवा हुनु नपर्ने जनविश्वास रहेको छ। बालिकाहरुलाई संस्कारको ज्ञान दिन पनि यो कार्यक्रम आयोजना गरिएको हो।

वैदेशिक रोजगारमा जाँदा कागजातको प्रतिलिपि घर-परिवारमा छोडौं

वैदेशिक रोजगारमा जाँदा निम्न कागजातको प्रतिलिपि घरमा छोडौं

- *पासपोर्ट र नागरिकता,*
- *वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृती,*
- *स्वास्थ्य परीक्षण गराएको निरोगिताको प्रमाणपत्र,*
- *अभिमुखीकरण लिएको प्रमाणपत्र,*
- *म्यानपावर संस्थालाई तिरेको रकमको भर्पाई,*
- *रोजगारदातासँग गरेको करार सम्झौता,*
- *बीमा गराएको कागजात,*
- *कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाण,*
- *आफूले विदेशमा रही काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,*
- *आफूलाई महत्वपूर्ण लागेका अन्य कागजातहरु।*

यस्ता कागजातले वैदेशिक रोजगारमा केही समस्या तथा कठिनाई भएमा समाधान गर्न सजिलो हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आरोग्य परमा लाभा"

ललितपुर महानगरपालिका-१६ वडा कार्यालय र
अरनिको समाजको संयुक्त आयोजनामा

बृहत निःशुल्क स्वास्थ्य शिविर

मितिः २०८० फागुण महिना र चैत्र दोस्रो सातासम्म प्रत्येक शनिबार

फागुण ५ गते	फागुण १२ गते	फागुण १९ गते	फागुण २६ गते	चैत्र ३ गते	चैत्र १० गते
नगलबजार	नकबही	नागबहाल	बुबहाल	स्थः	नंगलबजार
स्नायु वा नशा सम्बन्धी रोग	मधुमेह, निशुल्क रुपमा सुगर जाँच र आवश्यकता अनुसार कोलेस्टोर जाँच	हाडजोर्नी नशा	मुटुरोग र चिकित्सकको परामर्श अनुसार निशुल्क इको जाँच	स्त्री रोग, बाल रोग	पेट तथा कलेजो, छातीरोग (जनरल) जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण
डा. सर्वोत्तम श्रेष्ठ	डा. बुद्धबहादुर कार्की, डा मनिलरत्न बज्राचार्य	डा. शैलेन्द्र महर्जन, डा. प्रमोद देवकोटा	डा. दिपंकर प्रजापति, डा. नम्मा श्रेष्ठ	डा. दिपकराज भण्डारी(बालरोग), डा. उमिला शाक्य मुटुरोग तथा बलरोग, डा. अजला प्रजापति (स्त्रीरोग)	डा. सर्वोत्तम श्रेष्ठ, डा. कृष्णगोपाल महर्जन र डा. सुशील प्रजापति

समयः
हरेक शनिबार बिहान ९ बजेदेखि १२ बजेसम्म

सहयोगः
१६ वडा स्वास्थ्य कार्यान्वयन समिति

चिकित्सकको परामर्श अनुसार परीक्षण गर्न आउनेहरूलाई निःशुल्क औषधी वितरण गरिने छ ।



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस् ।

त्रिरत्न मानन्धर
९८४१३१६६३०

सानुकाजी महर्जन
५८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट

भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८